सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १२३ ♦ २०८२ साल पुस २२ मंगलवार ♦ 6 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# शीतलहरको चपेटामा मुसहर समुदाय : 'जाडो कसरी काट्ने, पेट कसरी भर्ने ?'

**खबर दर्पण समाचारदाता**

**पुस २१ गते, बर्दिवास**

मधेसमा दुई साताभन्दा लामो समयदेखि जारी शीतलहरले जनजीवन अत्यन्तै कष्टकर बनाएको छ। विशेषगरी दैनिक ज्यालादारी गरेर जीवन निर्वाह गर्ने वर्ग सबैभन्दा बढी प्रभावित बनेको छ। अत्यधिक चिसोका कारण घरबाहिर निस्केर काम गर्न नसक्दा रिक्सा चालक, जुत्ता मर्मत गर्ने, गाउँ-सहरका टोलटोलमा घुमेर खानेकुरा बेच्नेहरू रोजीरोटीको गम्भीर संकटमा परेका छन्।



यसको प्रत्यक्ष मार मधेसको सबैभन्दा सीमान्तकृत मुसहर समुदायमा परेको छ। खेतबारी र साहु-महाजनका घरमा मजदुरी गरेर गुजारा चलाउँदै आएका मुसहरहरू अहिले दैनिकी धान्नकै लागि ऋण खोज्न बाध्य छन्। तर उनीहरूलाई सजिलै ऋण पत्याउने पनि कोही छैन। २०७८ सालको जनगणनाअनुसार महोत्तरी जिल्लामा मुसहर समुदायको जनसंख्या २७ हजार ३५२ छ। शिक्षामा अत्यन्तै कमजोर पहुँच भएका यस समुदायका बालबालिका इँटाभट्टा र पसलहरूमा काम गर्न बाध्य छन् भने कलिलै उमेरमा भारतका विभिन्न सहरमा मजदुरी गर्न जाने गरेका छन्। शीतलहरका कारण दैनिक ज्यालादारीमा निर्भर परिवारलाई दुई छाक टार्नसमेत हम्मेहम्मे परेको छ।

महोत्तरीको भटुलिया गाउँपालिका-३ का बेचन सदा भन्छन्, "घरमा जम्मा गरेर राखेको अन्न सकिइसक्यो। कडा जाडोले काम गर्नै गाह्रो भएको छ। तर सरकारले हामीजस्ता गरिब, त्यसमाथि मुसहर समुदायलाई हेरेको जस्तो लाग्दैन। अब कसरी गुजारा गर्ने ?"

मुसहर समुदायको मुख्य जीवनाधार कृषि मजदुरी हो। तर दुई सातादेखि काममा जान नसक्दा उनीहरू गम्भीर संकटमा फसेका छन्। स्थानीय भुली सदा भन्छिन्, "हामीलाई हेर्नेबाला कोही छैन। अरूको खेतबारीमा काम गरेर बाँचि रहेका थियौँ। अहिले चिसोले शरीरले पनि साथ दिँदैन। कहिलेकाहीँ अरूको घुरामा गएर आगो ताप्छु, तर अहिलेसम्म सरकारले कुनै राहत दिएको छैन।"

एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले चिसोबाट प्रभावित नागरिकका लागि राहत वितरण प्रक्रिया अघि बढेको जानकारी दिए। "यस विषयमा बैठक बसेको छ। अब तीन-चार दिनभित्र राहत सामग्री वितरण गर्ने तयारीमा छौँ," उनले भने।

जाडो र भोको पेटका कारण विपन्न वर्ग राति निद्रा नलाग्ने समस्याबाट समेत पीडित छन्। सडकछेउबाट संकलन गरिएका प्लास्टिकका झुत्रा र खरपात बालेर बनाइएको घुर नै उनीहरूको एक मात्र सहारा बनेको छ।

मनरा सिसवा नगरपालिकाको मनरा क्षेत्रका रवि सदा भन्छन्, "दाउरा बाँड्ने हल्ला त सुनेका छौँ, तर अहिलेसम्म केही आएको छैन। दाउराले जाडो त काटिएला, तर पेट केले भर्ने ? भोट माग्ने बेला ठूला कुरा गर्ने नेताहरू अहिले कहाँ छन् ?" परेको बेला कुनै पनि नेता-कार्यकर्ता सहयोगका लागि नआएको उनको गुनासो छ।

मनरा सिसवा नगरपालिकाका मेयर मोहन पाण्डे भने यति गम्भीर अवस्था आउनुनपर्ने बताउँछन्। "हाम्रो पालिकामा यस्तो समस्या नहुनुपर्ने हो। तर अहिले राहतस्वरूप दाउरा वितरण गर्ने तयारीमा छौँ। खानाको समस्या देखिएमा सम्बन्धित स्थानमा पुग्नेछौँ," उनले भने, "नगरपालिकामा सम्पर्क गरे राहत प्याकेज उपलब्ध गराइनेछ।"

महोत्तरीबाट पटक-पटक सांसद हुँदै मन्त्री बनेकी र हाल मधेस प्रदेशकी शिक्षा मन्त्री रानीकुमारी तिवारीप्रति भने मुसहर समुदाय आक्रोशित छ। आफ्नै भोटबाट मन्त्री बनेकी नेतृले राहतका लागि कुनै पहल नगरेको उनीहरूको गुनासो छ। समुदायका बालबालिकाको शिक्षामा पहुँच विस्तारका लागि पनि प्रदेश सरकारले अहिलेसम्म ठोस योजना नल्याएको उनीहरू बताउँछन्।




जनकपुरधाम -१४, मुजेलिया
सम्पर्क : ९८०१६७०२४५

Grand Opening Very Soon ...
We Are Ready to Serve You
Test Something Good!
Indulge in the delicious flavors at Komal's Cafe - Janakpur.




EURO DYNAMICS INTERNATION PVT. LTD.
Bardibas, Mahottari (Sindhuli Road)
Cont. +9779844311010, 9844025184
Email- infoeurodynamicsinternational@gmail.com

# बालेन्द्रसँग एकीकरण गरेपछि रास्वपाको मधेशमा जनधार बढ्ला ?

पुरुषोत्तम पौडेल

काठमाडौंका मेयर बालेन्द्र शाह समूहसँग एकीकरण गरेपछि के र ास्वपाले मधेशमा आफ्नो उपस्थिति सबल बनाउला ? यो प्रश्नको उत्तर बुझ्नुअघि मधेश प्रदेशका निर्वाचन क्षेत्रबाट कति सांसद निर्वाचित हुन्छन र रास्वपाको बलियो उपस्थिती कहाँ छ भनेर बुझ्नुपर्छ ।

प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत प्रतिनिधिसभामा निर्वाचित हुने सदस्य संख्याका हिसाबले मधेश प्रदेश बागमती प्रदेशपछि दोस्रो स्थानमा पर्छ। संसदमा आउने १ सय ६५ प्रतिनिधिमध्ये बागमती प्रदेशबाट ३३ जना निर्वाचित हुन्छन् भने मधेश प्रदेशबाट ३२ जना। बागमती र मधेश नेपालका यस्ता प्रदेश हुन्, जहाँ नेपालको सबैभन्दा ठूलो जनघनत्व छ। अर्थात यी दुई प्रदेशमा मात्रै नेपालको कुल जनसंख्याको करिब २१ प्रतिशत जनसंख्या छ। त्यसैले समानुपातिक प्रणालीबाट पनि यी दुई प्रदेशबाट तुलनात्मक रूपमा बढी सांसद निर्वाचित हुन्छन्।

बागमती र मधेशमा कुन दलको पकड कति बलियो छ भन्ने आँकलनले आसन्न प्रतिनिधिसभा निर्वाचनमा कुन दल बलियो हुन्छ भन्ने सहजै अनुमान गर्न सकिन्छ। २०७९ मा पहिलोपटक संसदीय चुनावमा भाग लिएको रास्वपा पहिलो यात्रामै चौथो ठूलो दलका रूपमा उदाएको थियो। यो निर्वाचनमा रास्वपाले बाग्मती प्रदेशका काठमाडौँ र चितवनजस्ता सहरी निर्वाचन क्षेत्रमा आफ्नो बलियो उपस्थिति देखाएको थियो। तर मधेशमा भने रास्वपाले आफ्नो उपस्थिति देखाउन सकेन। २०८० वैशाखमा भएको उपनिर्वाचनमा भने बहुदलीय गठबन्धनमा रहेका जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले रास्वपा उम्मेदवार रमेश खरेलभन्दा २५ हजार बढी मत ल्याएर विजयी भए। खरेल चौथो स्थानमा सीमित भए।

काठमाडौंका मेयर बालेन्द्र शाह समूहसँग एकीकरण गरेपछि के र ास्वपाले मधेशमा आफ्नो उपस्थिति सबल बनाउला ? रास्वपाका नेताहरूले पार्टीले मधेशलाई फरक ढंगले समेट्ने योजना बनाएको र शाहसँग एकीकरणपछि मधेशमा पार्टीको अवस्था उल्लेख्य रूपमा सुधार भएको बताउँदै आएका छन्। महोत्तरी घर भएका शाह पार्टीको शीर्ष भूमिकामा भएकाले पार्टीले मधेशमा राम्रो प्रदर्शन गर्न सक्ने उनीहरूको विश्वास छ। पुस १२ मा रास्वपा र मेयर शाहबीच भएको सातबुँदे सहमतिसँगै र ास्वपाले शाहलाई पार्टीको तर्फबाट भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको छ। पार्टी एकीकरण लगत्तै काठमाडौं पोस्टसँगको कुराकानीमा र ास्वपा नेता शिशिर खनालले मधेशमा पार्टीका लागि ठूलो चुनावी सम्भावना रहेको बताएका थिए। उनले भनेका थिए, 'हामी विस्तार हुँदै गएको अर्को क्षेत्र मधेश हो।'

नेता खनालले भनेजस्तै रास्वपा मधेशमा बलियो भइसकेको छ कि छैन भनेर अहिल्यै भन्न हतार हुने देखिन्छ। विश्लेषक चन्द्रकिशोरले मधेशी समुदायले नयाँ राजनीतिक शक्तिहरू एकीकृत भएर रास्वपा बनेको प्रक्रियालाई कौतुहल र आश्चर्य दुवै भावले हेरिरहेको बताए। उनले लामो समयदेखि राज्यका संस्थामा वर्चस्व जमाउँदै आएका स्थापित दलहरूका कारण पनि मधेशका नागरिकले यो एकतालाई चासोका साथ हेरिरहेको बताउँदै नयाँ शक्तिको उदयले केही मधेशी दलहरू असहज अवस्थामा पुगेको टिप्पणी पनि गरे। काठमाडौं पोस्टसँगको कुराकानीमा उनले भने, 'एकीकृत रास्वपाले मधेशका मूल मुद्दाहरूलाई कसरी परिभाषित र प्राथमिकता दिन्छ भन्ने कुराले यसको चुनावी नतिजा निर्धारण गर्नेछ। स्थानीय सरोकारलाई प्रत्यक्ष सम्बोधन गर्ने स्पष्ट र विश्वसनीय एजेन्डाबिना राष्ट्रिय स्तरको गति मधेशमा समर्थनमा बदल्नु चुनौतीपूर्ण हुनेछ।'

काठमाडौँ महानगरपालिकाको मेयर निर्वाचित भएयता शाहले आफूलाई सार्वजनिक रूपमा मधेशी नेताका रूपमा प्रस्तुत नगरेको पृष्ठभूमिमा उनी मधेशका मुद्दामा कति र कसरी संलग्न हुन्छन् भन्ने कुरा अझै हेर्न बाँकी रहेको मधेशका एक पर्यवेक्षकले बताए। चन्द्रकिशोरले हाल र ास्वपाको मधेशमा बलियो उपस्थिति नभए पनि राजमार्ग क्षेत्र आसपास केही आधार भने बनाएको बताए। उनले रास्वपाले अन्य दलका प्रभावशाली व्यक्तित्वहरूलाई आकर्षित गर्न नसक्दा संगठनात्मक आधार र राजनीतिक पहुँच विस्तार गर्न कठिनाइ भएको बताए।

मधेशका अर्का राजनीतिक विश्लेषक तुला नारायण शाह चन्द्रकिशोरका केही विश्लेषणसँग सहमत भए पनि रास्वपा र यसको मधेशमा सम्भावनाबारे फरक दृष्टिकोण राख्छन्। उनका अनुसार मेयर शाह र ऊर्जा मन्त्री कुलमान घिसिङ रास्वपामा जोडिनुले मधेशमा पार्टीलाई सकारात्मक प्रभाव पारेको छ। उनले रास्वपाभित्रका केही मधेशी नेताहरू काठमाडौँमा देखिने स्तरको प्रभाव राखे पनि पार्टी समग्र रूपमा मधेशमा अझै जमिन टेक्न नसकेको बताए। उनले यो कमजोरी मधेश र पहाडका फरक राजनीतिक यथार्थका कारण आएको तर्क गरे।

तुला नारायणले मधेशमा मतदाताहरूले कुशासनसँगै दीर्घकालीन विभेदको सामना गरिरहेको पृष्ठभूमि उल्लेख गर्दै यो विषयमा रास्वपाले सशक्त र विश्वसनीय धारणा प्रस्तुत गर्न नसकेको बताए। उनले यसको विपरीत, सीके राउत नेतृत्वको जनमत पार्टीले कुशासन र विभेद दुवै मुद्दामा स्पष्ट र कडा आवाज उठाएकै कारण स्थापित मधेशी दलहरूलाई चुनौती दिन सकेको बताए।

शाहले भदौमा भएको जेन-जी विद्रोहपछि राजनीतिक परिदृश्य बदलिएको



र मेयर शाहको मधेशमा लोकप्रियता बढेको बताउँदै यस्तो लोकप्रियता केवल शाह मधेशी भएकै कारणले बढेको भने होइन भन्नेमा जोड दिए।

## त्यसो भए मधेशमा मेयर शाहको आकर्षण किन बढ्यो ?

शाहले दुई मुख्य कारण औंल्याए। पहिलो, उनी व्यक्तिगत रूपमा भ्रष्टाचार बाट टाढा छन् भन्ने आमधारणा। दोस्रो, काठमाडौँ महानगरपालिकाले सुरु गरेको छात्रवृत्ति कार्यक्रम, जसबाट विभिन्न समुदायका विद्यार्थी लाभान्वित भएका छन् र लगभग हरेक समूहका केही विद्यार्थीले सहयोग पाएका छन्।

स्थानीय, प्रदेश र संघीय तहका धेरै प्रतिनिधि आफ्ना र नजिकका समूहका लागि मात्र बजेट सुरक्षित गर्ने गरेको देखिँदा मेयर शाहको कार्यशैलीले आम नागरिकमा विश्वास र सद्भाव पैदा गरेको विश्लेषक शाहले बताए।

त्यसैबीच संघीयतासहितका मूल मधेशी सरोकारमा मेयर शाह र र ास्वपाको धारणा के हो भन्नेबारे मधेशी मतदातामा कौतुहल देखिएको छ। ती विषयमा स्पष्ट धारणा सार्वजनिक भएपछि मात्र मधेशमा उनीहरूको चुनावी राजनीति कस्तो बन्ला भन्ने आँकलन गर्न सकिने शाहको भनाइ छ।

रास्वपा नेताहरू हालको तीन तहको संघीय संरचनामा केही आमूल परिवर्तन गर्न चाहेको बताउँछन्। विशेष गरी अहिलेको प्रदेश संरचनाप्रति उनीहरू आलोचनात्मक छन्। यसअघि प्रदेशसभा निर्वाचनमा मतदान नगर्ने मेयर शाहको निर्णयलाई पनि प्रदेशविरोधी धारणा मानिएको छ। तर पछिल्लो समय मेयर शाहले आफू संविधान र त्यसका व्यवस्थाप्रति प्रतिबद्ध रहेको बताएका छन्।

विश्लेषक शाहले भने, 'यदि यस निर्वाचनमा मधेशले रास्वपालाई समर्थन गऱ्यो भने त्यो मेयर शाह मधेशी भएकै कारणले मात्र होइन; उनले काम गरेर देखाउने व्यक्तिका रूपमा बनाएको छविका कारण हुनेछ।'-कान्तिपुर

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगोा तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

मनरा सिस्वा नगरपालिका कार्यालय
महोत्तरी

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगोा तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

गौशला नगरपालिका कार्यालय
महोत्तरी

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगोा तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

महोत्तरी गाउँपालिका कार्यालय
महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीमा ट्रकको ठक्करबाट महिलाको मृत्यु

**खबर दर्पण समाचारदाता**
**पुस २१ गते, बर्दिबास**

महोत्तरीको बलवा नगर पालिका-११ मा आज ट्रकले ठक्कर दिँदा बाटो काट्दै गरेकी एक महिलाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार बलवा-११ मा ट्रकले ठक्कर दिँदा स्थानीय ५१ वर्षीया बुधनीदेवी ठाकुरको मृत्यु भएको हो ।

लोहारपट्टी नगरपालिकाबाट रामगोपालपुर नगरपालिकातर्फ जाँदै गरेको ना ६ ख ९१५३ नम्बरको ट्रकले बाटो काट्दै गरेकी ठाकुरलाई ठक्कर दिएको हो ।

ठाकुरको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर लगिएको छ भने ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान अगाडि बढाएको प्रहरी नायब उपरीक्षक भट्टले बताउनुभयो ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७४।१०।१८ मा दर्ता भएको प्रा.लि.नं.१८२९०४ भएको मैनाली सप्लायर्स (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८२।०९।२१ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

# महोत्तरीमा ३४ हजार २५२ नयाँ मतदाता थपिए




**खबर दर्पण समाचारदाता**
**पुस २१ गते, बर्दिबास**

प्रतिनिधिसभा सदस्यको आसन्न निर्वाचनका लागि महोत्तरीमा ३४ हजार २५२ नयाँ मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा २० हजार ५२ पुरुष, १४ हजार १९९ महिला र एक जना अन्य गरी ३४ हजार २५२ नयाँ मतदाता थपिएका हुन् । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाका अनुसार जिल्लामा कूल मतदाता चार लाख ३१ हजार २८२ रहेका छन् । यसअघि जिल्लामा तीन लाख ९७ हजार ३० जना मतदाता थिए । क्षेत्रगत रूपमा जिल्लामा चार वटा निर्वाचन क्षेत्र रहेका उनले जानकारी दिए ।

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**बलवा नगरपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**एकडारा गाउँपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**जलेश्वर नगरपालिका कार्यालय**
**महोत्तरी**

## कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।

**बर्दिबास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**

**साथै होम डेलिभरीको सूविधा छ।**



# जसपा-लोसपा एकीकरण अन्तिम चरणमा : पार्टी नाम 'जसपा नेपाल', चुनाव चिह्न 'छाता'

**खबर दर्पण समाचारदाता**
**पुस २१ गते, बर्दिवास**

जेन-जी आन्दोलनपछि विकसित राजनीतिक परिस्थितिका बीच आउँदो प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा मधेस केन्द्रित दल जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीचको एकीकरण प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

विगतको निर्वाचनपछि आन्तरिक असन्तुष्टिका कारण जसपा नेपालबाट अलग भएर लोसपा नेपाल गठन गरेका महन्थ ठाकुर ले उपेन्द्र यादव नेतृत्वको जसपा नेपालसँग पुनः एकताको सहमति गरेका हुन्। हाल यो एकीकरण औपचारिक घोषणा नजिक पुगेको बताइएको छ।

काठमाडौँमा बसेको जसपा र लोसपाका शीर्ष नेताहरूको संयुक्त बैठकले ३७ सदस्यीय कार्यकारिणी समिति गठन गर्ने निर्णय गरेको छ। तत्कालीन लोसपा नेपालका महासचिव परमेश्वर साहका अनुसार लामो समयपछि भएको शीर्ष नेताहरूको बैठकले पार्टीको नाम 'जसपा नेपाल' नै राख्ने र चुनाव चिह्न 'छाता' कायम गर्ने सहमति गरेको हो।

उनका अनुसार पार्टीको झण्डा, कार्यकारिणी समितिको अन्तिम संरचना, अन्य पदाधिकारी, राष्ट्रिय सभा सदस्य निर्वाचनलगायतका एजेन्डामा अझै छलफल जारी छ। ती विषयहरू सोमबार रातिसम्म टुंगो लगाइने तयारी रहेको साहले जानकारी दिए।

एकीकरणपछि जसपा नेपालमा एकल अध्यक्ष रहने व्यवस्था हुनेछ। अध्यक्षको जिम्मेवारी उपेन्द्र यादवले नै सम्हाल्ने र पार्टीको अभिभावकत्व भूमिकामा महन्थ ठाकुर रहने सर्वसम्मत निर्णय भएको बताइएको छ।

यसअघि लोसपा नेपालसँग एकीकृत भएका वृषेशचन्द्र लाल नेतृत्वको तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) र हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी (जप्रपा) अब स्वतन्त्र अस्तित्वमा नरहने र जसपा नेपालभित्रै प्रतिनिधित्व पाउने भएका छन्। ती समूहहरू महन्थ ठाकुरको कोटाबाट पार्टी संरचनामा समेटिने साहले बताए।

त्यस्तै, उपेन्द्र यादव नेतृत्वको तत्कालीन जसपा नेपालमा समाहित भएको रेणु यादव नेतृत्वको समूहलाई पनि ३७ सदस्यीय कार्यकारिणी समितिमा समावेश गर्ने सम्भावना रहेको छ। पार्टीका एक नेताका अनुसार नेताहरूको व्यवस्थापन र जिम्मेवारी बाँडफाँट कार्यदलमार्फत टुंगो लगाइनेछ।

यसै कार्यदलले विभिन्न दलबाट आएका नेताहरू र समूहहरूको व्यवस्थापनबारे व्यापक छलफल गरिरहेको छ। साथै, यही बैठकबाट राष्ट्रिय सभा निर्वाचनका उम्मेदवार बारे पनि निर्णय लिइने तयारी छ। राष्ट्रिय सभा सदस्यका लागि महन्थ ठाकुरको नाम समेत अघि सारिएको स्रोतले जनाएको छ।




तपाईंको शहर वर्दिवासमा

WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय

सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**मठिहानी नगरपालिका कार्यालय**
**महोत्तरी**



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।



**वर्दिवास नगरपालिका कार्यालय**
**महोत्तरी**



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।



**पीपरा गाउँपालिका कार्यालय**
**महोत्तरी**



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।



**भंगहा नगरपालिका कार्यालय**
**महोत्तरी**



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।



**सम्सी गाउँपालिका कार्यालय**
**महोत्तरी**



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।



**सोनमा गाउँपालिका कार्यालय**
**महोत्तरी**



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।



**रामगोपालपुर नगरपालिका कार्यालय**
**महोत्तरी**



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।



**औरही नगरपालिका कार्यालय**
**महोत्तरी**



**शितलहर र चिसोबाट बचौं**

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।



**लोहारपट्टी नगरपालिका कार्यालय**
**महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशक तथा सम्पादक अजय कुमार साह (९८४४०२५१७४) कार्यकारी सम्पादक विशाल बस्नेत (९८[illegible])
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,